# सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले एक बर्षमा गरेका केही महत्वपूर्ण कामहरु

- पूर्ववर्ती केपी ओली सरकारले निम्त्याएको राजनीतिक **अस्थिरता र कुशासन**को अन्त्य गरी मुलुकलाई लोकतान्त्रीक विधि र पद्धतीमा अघि बढाउन सफल ।
- **स्थानीय तहको निर्वाचन** तोकिएको समयमा शान्तिपूर्ण रुपमा सम्पन्न ।
- प्रतिनिधि सभामा विश्वासको मत पाएलगत्तै नागरिकलाई **कोभिड–१९** को प्रकोपबाट जोगाउन सरकारको पहिलो प्राथमिकता हुने उद्घोषसहित खोप लगाउन योग्य **सबै नागरिकलाई पुर्ण खोप** दिलाउन सफल ।
- कोरोनाबाट प्रभावित **अर्थतन्त्रलाई पुनरुत्थान** गर्न विशेष प्याकेज सार्वजनिक गर्दै अर्थतन्त्रलाई चलयमान बनाउन सफल ।
- सबै मुलुकसँग प्रगाढ सम्वन्ध बनाउन **राष्ट्रिय हितमा आधारित परराष्ट्र नीति** अबलम्बन ।
- आन्दोलनमा घाइते भई यथोचित उपचार नपाएकाहरूको उपचार व्यवस्था, अंगभंग भएकाहरूलाई क्षतिपूर्ति र **परिवारका एक जनालाई रोजगारी**को व्यवस्था ।
- गरिबीको रेखामुनि रहेका जनतालाई अत्यावश्यक वस्तुहरू सुपथ मूल्यमा वितरण गर्न गरिव **घर परिचय पत्र**को व्यवस्था । ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घटना, वाढी पहिरो, प्राकृतिक प्रकोप जस्ता विपतको बेला सेवा प्रदान गर्न एयर एम्बुलेन्सको व्यवस्था ।
- **संकटग्रस्त उद्योगधन्दा**, पर्यटन व्यवसाय, सञ्चार, यातायात जस्ता क्षेत्र र श्रमजीवी, विपन्न, बेराजगारलगायतको उत्थानका लागि **विशेष आर्थिक प्याकेज**को व्यवस्था ।
- **क्यान्सर, मिर्गौला र स्पाइनल** इन्जुरीका विरामीलाई **मासिक ५ हजार भत्ता** प्रदान गर्ने निर्णय ।
- अति विपन्न गरिव घर परिवारलाई **प्रतिघर परिवार दश हजार रुपैयाँ**का दरले राहात दिने घोषणा ।
- युवा विद्यार्थी लक्षित **‘पढ्दै कमाउँदै’** कार्यक्रम र नारी समुदाय लक्षित **‘महिला पहिला’** कार्यक्रम घोषणा ।

DRAFT ONLY

- राष्ट्रिय गौरवका आयोजनाहरुको गति सन्तोषजनक नभएकाले प्रभावकारी रुपमा काम गर्नेगरी **अनुगमन र मुल्यांकन संयन्त्र** निर्माण ।
- सम्भावित लगानीका क्षेत्रहरु पहिचान गरी निर्यातलाई बढाउने गरी परियोजनाहरु अघि बढाउने रणनीति तय । नेपाली उत्पादनलाई प्रोत्साहन दिन **मेक इन नेपाल** कार्यक्रम घोषणा ।
- विभिन्न क्षेत्रका महिलाहरुको माग र आन्दोलनलाई ध्यान दिदै माग अनुसार **सेनेटरी प्याडमा बजेट मार्फत भन्साभर छुट** दिने घोषणा ।
- स्वदेशी र विदेशी लगानीकर्ताहरुलाई लगानीमा प्रोत्साहन गर्न **स्वागत र सम्मानको कार्यक्रम** ।
- जलविद्युत र पर्यटन जस्ता क्षेत्रमा लगानी बढाउनेगरी नीति तय ।
- सन्तुलित **'नेपाल पहिला'** परराष्ट्र नीति लागु ।
- लगानीमैत्री वातावरणको सिर्जना गरी **निजी क्षेत्रलाई प्रोत्साहन** गर्दै आर्थिक स्थिरता कायम गर्न सफल ।
- **कोभिडको** मारमा परेका उद्योगी-व्यवसायीलाई **राहत प्याकेज** ।
- राष्ट्रिय **विपद् जोखिम न्यूनीकरण** तथा व्यवस्थापनको कामलाई शिघ्रता ।
- **बाढी, पहिरो, डुबानको क्षतिबाट उद्धार,** जनतालाई तत्काल राहात एवं पुर्ननिर्माणका कामहरु चुस्त रुपमा सम्पन्न
- द्वन्द्वकालिन घटनामा छानविन, पीडितलाई राहात एवम् परिपुरणका लागि **संक्रमणकालिन न्यायिक संयन्त्र**को क्रियाशिल ।
- अमेरिकी सहयोग सम्बन्धि परियोजना **एमसीसी संसदवाट अनुमोदन** ।
- भूमि आयोगको गठन गरी **भुमिहिन तथा सुकुम्वासी पहिचान** र पूर्जा वितरणको थालनी । पाँचलाख भूमिहिनलाई पुर्जा वितरण गर्ने घोषणा ।
- ज्येष्ठ नागरिकलाइ **६८ बर्षमै भत्ता** उपलब्ध ।
- **'किसानसँग सरकार'** को नारा सहित कृषिमा रुपान्तरणकारी योजना र बजेटमा उल्लेख्य वृद्धि
- **किसानलाइ पेन्सन** सहित प्रोत्साहन र राहतका योजना ।

DRAFT ONLY

- जटिल प्रकारका रोग लागेका नागरिकलाई **मासिक पाँच हजार रुपैयाँ राहत** भत्ता ।
- गरिविका रेखामुनी रहेका विरामीका लागि **९८ प्रकारका औषधि निःशुल्क** ।
- बैदेशीक रोजगारीवाट फर्केका **युवालाई सहुलियतपूर्ण कर्जा** ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत **दुई लाखलाई रोजगारी**को सुनिश्चितता ।
- दुर्गम २५ जिल्लाका सुत्केरीलाई पाँच हजार **पोषण खर्च** ।
- अन्तराष्टिय बजारमा पेट्रोलियम पदार्थको मुल्य वढिरहेको सन्दर्भमा **कर कटाएर भए पनि पेट्रोलियम पदार्थको मुल्य घटाउँदै मुल्यबृद्धि नियन्त्रण**को प्रयास ।
- प्रमुख प्रतिपक्षी एमालेले करिव ९ महिनादेखि चल्न नदिएको **संसद अवरोधको अन्त्य** ।
- राष्ट्रसेवक कर्मचारीको मनोवल उकास्न **१५ प्रतिशतले तलव वृद्धि** ।
- राष्ट्रहितलाई ध्यानमा राखेर अमेरिकाको **'स्टेट पाटनरसिप प्रोग्राम'** को कार्यक्रमहरु **अघि नबढाउने निर्णय** ।
- भारतका प्रधानमन्त्री **नरेन्द्र मोदीको लुम्बिनी भ्रमण** तथा नेपालका **प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण** सम्पन्न । दुइदेशबिचको सम्बन्धमा देखापरेका अविश्वास र संशय मेटाएर हार्दिकताको सम्वन्ध विस्तार ।
- अमेरिकी उच्च अधिकारीहरुको नेपाल भ्रमण तथा नेपालका प्रधानसेनापतिको अमेरिका भ्रमण ।
- **चिनियाँ कम्युनिष्ट पार्टी**का नेता तथा **परराष्ट्र मन्त्री** र **विदेश विभाग प्रमुख**को नेपाल भ्रमण तथा एक चीन नितिप्रति नेपाल सरकारको प्रतिवद्धता ।
- अन्तरदेशीय प्रसारण लाईन विस्तार गरी छिमेकी मुलुक **भारतमा विजुली विक्री सुरु** ।
- नागरिकताविहीनताको अन्त्य गर्न **नागरिकता विधेयक संसदमा पेश ।**
- देउवा सरकार गठनपछि संविधान, संसद् र लोकतन्त्र जोगाउन सफलता । निरङकुशताको चिन्ता र आशंका अन्त्य भई आशाको रक्तसञ्चार ।

DRAFT ONLY